REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 23.05.2024

## Saga Dawa Programme

आज सागा दावा अर्थात् बुद्ध पूर्णिमा खुबै धुमधामका साथ राज्यभरि पालन गरियो। यस पूर्णिमालाई धान्य पूर्णिमा तथा चढी पूर्णिमाका रूपमा पनि पालन गरिन्छ, साथै यसलाई प्राकृति पूजा र बुद्ध भगवानको जन्मजयन्तीको रूपमा पनि पालन गरिन्छ। सागा दावाको पावन अवसरमा चुक्ला-ला-खाङ गुम्बामा पनि बढो धुमधामका साथ यो पर्व पालन गरियो। आजको दिन बौद्ध धर्मग्रन्थ शीरमा बोकेर सहर-गाऊँ परिक्रमा गर्ने प्रचलन रही आएको छ र आज गान्तोकमा बौद्ध धर्मवलम्बीहरूले यही परम्परा कायम राखे। बौद्ध धर्मावलम्बीहरूका लागि यो उत्सव सबैभन्दा महत्त्वपूर्ण अवसर मानिन्छ, किनभने यसले भगवान बुद्धको जीवनका तीन वटा महत्त्वपूर्ण घटना-उहाँको जन्म, उहाँको बुद्धत्व प्राप्ति र निर्वाण प्राप्त गरेपछि उहाँको निधनको सम्झना गर्दछ र यसलाई ट्रिपल ब्लेस्ड डे अर्थात् त्रिगुण आशिर्वाद दिवसको रूपमा पालन गरिन्छ। बुद्धको जीवनमा यी तीनटै घटनाहरू आजको दिन बुद्ध पूर्णिमाकै दिन भएको जनविश्वास छ।

## Governor-Saga Dawa

राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यले सागा दावाको शुभ अवसरमा राज्यवासीलाई हार्दिक शुभकामना व्यक्त गर्नुभयो। उहाँले सन्देशमा भन्नुभएको छ, "म सागा दावाको अवसरमा सिक्किमका जनतालाई शुभकामना व्यक्त गर्दछु। यो अवसरले सबैलाई शान्तिको मार्गमा हिँड्न प्रोत्साहित गरोस्।" यस अवसरमा राज्यपाल र प्रथम महिला कुमुद देवीले भगवान् बुद्धको पूजा अर्चना गर्दै दीप प्रज्ज्वलन गर्नुभयो। उहाँले यस क्रममा भगवान बुद्धको प्रतिमामा पुष्प अर्पित गर्दै राज्यवासीहरू र सम्पूर्ण आत्मीय जनहरूको सुख, समृद्धि र खुसियालीका निम्ति प्रार्थना गर्नुभयो। राजभवनले जारी गरेको प्रेस विज्ञप्तिअनुसार, पूजा विधि गान्तोकस्थित इन्चे गुम्बाका ठेम्पोलाद्वारा सम्पन्न गरियो।

## CM-Saga Dawa & Shyadar Pidar

त्यसै गरी, मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले बुद्ध पूर्णिमा अर्थात् सागा दावाको अवसरमा राज्यवासीलाई हार्दिक शुभकामना दिनुभयो। उहाँले सन्देशमा भन्नुभएको छ, यस शुभ अवसरमा, म भगवान बुद्धको बुद्धिले हाम्रो मार्गलाई उज्यालो पार्दै हामीलाई प्रेम, शान्ति र सद्भाव तर्फ डोऱ्याउने कामना गर्दछु। साथै, मुख्यमन्त्रीले उभौली पूजा भनेर पनि चिनिने श्यादर पिदारको अवसरमा सिक्किमवासी, विशेष गरी सुनुवार समुदायलाई हार्दिक शुभकामना दिनुभयो। यो पर्व सुनुवार समुदायले मनाउने चाड हो, जसले सकारात्मकता, भ्रातृत्व र सद्भावलाई दर्शाउँछ। उहाँले सन्देशमा यो अवसरले सबैमा शान्ति, प्रगति र समृद्धि ल्याउने कामना गर्नुभएको छ।

## Awareness Camp

आउँदो वर्षा यामलाई ध्यानमा राखेर टिस्टा नदी किनारहुँदो जोखिमपूर्ण अवस्थामा रहेका उन्नाइसवटा स्थलका लागि हिजो नाम्ची र गान्तोक जिल्लामा जागरूकता शिविर, पी.आर.ए अभ्यास आयोजना गरियो। यसमा सिक्किम राज्य आपदा प्रबन्धन प्राधिकरण र जिल्ला आपदा प्रबन्धन प्राधिकरण अधिकारीहरू, पञ्चायतगण र विभिन्न विभागका अधिकृतहरू उपस्थित थिए।

## SIXTH PHASE CAMPAIGNING

लोकसभा चुनावको छैटौँ चरणको प्रचारप्रसार आज सकिएको छ। आठ राज्य र केन्द्र शासित प्रदेशहरूका 58 निर्वाचन क्षेत्रमा आउँदो शनिबार मे 25 मा मतदान हुँदै छ। त्यसमा बिहारका 8 सिट, हरियाणाका सबै 10 सिट, जम्मू-कश्मीरका 1, झारखण्डका 4 र दिल्लीका सबै 7 सिट, ओडिशाका 6, उत्तर प्रदेशका 14 र पश्चिम बंगालका 8 सिट समावेश छन्। यी 58 लोकसभा निर्वाचन क्षेत्रबाट 889 जना उम्मेदवार चुनावी मैदानमा छन्। मतदान बिहान 7 बजेबाट सुरु भई साँझ 6 बजे समाप्त हुनेछ।

FIFTH PHASE-VOTER TURNOUT

त्यसै गरी, मे 20 मा सम्पन्न लोकसभा चुनावको पाँचौँ चरणमा कुल 62.2-0 प्रतिशत मतदाताले मतदान गरेको थियो। तीमध्ये करिब 61.4-8 प्रतिशत पुरुष, 63.0-0 प्रतिशत महिला र 21.9-6 प्रतिशत तेस्रो लिङ्गी थिए। निर्वाचन आयोगका अनुसार, जम्मू कश्मीरमा 59.1-0 प्रतिशत, बिहारमा 56.7-6 प्रतिशत, झारखण्डमा 63.2-1 प्रतिशत, लद्दाखमा 71.8-2 प्रतिशत, महाराष्ट्रमा 56.8-9 प्रतिशत, ओडिशामा 73.5-0 प्रतिशत, उत्तर प्रदेशमा 58.0-2 प्रतिशत र पश्चिम बंगालमा 78.4-5 प्रतिशत मतदान भएको थियो। यस चरणमा, 6 राज्य र दुई केन्द्र शासित प्रदेशका 49 संसदीय निर्वाचन क्षेत्रहरूमा मतदान भयो। यस चरणको निर्वाचनमा कुल 695 उम्मेदवार चुनावी मैदानमा थिए।